गलकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
गलकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं.०८२/८३
च.नं.

## करार पदमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**प्रकाशित मिति २०८२/११/२७**

देहायका सेवा तर्फका निम्न तहका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आहान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरूको प्रतिलिपि र राजश्व तिरेको रसिद सहित यस गलकोट नगरकार्यपालिकाको कार्यालय, गलकोट, बागलुङमा दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह | पद/तह | माग संख्या | परीक्षा दस्तुर रु | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | ०७/२०८२-०८३ | जनरल हेल्थ सर्भिसेज | मेडिकल अफिसर | १ जना | १५०० | गलकोट नगर अस्पताल। |
| २ | ०८/२०८२-०८३ | ईन्जिनियर/ सिभिल | सब ईन्जिनयर, पाँचौ | २ जना | ७०० | गलकोट नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गतको कार्यालय। |
| ४ | ०९/२०८२-०८३ | | वित्तीय साक्षरता सहजकर्ता | १ जना | ७०० | |
| ५ | १०/२०८२-०८३ | स्वास्थ्य/ प.हे.न. | अ.न.मी., चौथो | २ जना | ५०० | |
| ६ | ११/२०८२-०८३ | | हलुका सवारी चालक | १ जना | ५०० | |
| ७ | १२/२०८२-०८३ | | कार्यालय सहायक/ श्रेणी विहीन | १ जना | ५०० | २ नं. वडा कार्यालय, नरेठाटी, बागलुङ। |

१. **आवश्यक न्यूनतम योग्यता**

**मेडिकल अधिकृत, आठौं तहको लागि**

- उमेर **२०८२/११/२७** सम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक (MBBS) उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।
- ASBA तालिम प्राप्त र अनुभवी व्यक्तिलाई विशेष प्राथमिकता दिइने छ।

**सब ईन्जिनयर, पाँचौ तहको लागि**

- उमेर **२०८२/११/२७** गते सम्म १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

**वित्तीय साक्षरता सहजकर्ता, पाँचौं तहको लागि**

- उमेर **२०८२/११/२७** सम्म १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता परीक्षा (१०+२) तह उत्तीर्ण गरेको।

**अ.न.मी., चौथो तहको लागि**

- उमेर **२०८२/११/२७** सम्म १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोष उत्तीर्ण

**हलुका सवारी चालक पदको लागि**

- उमेर **२०८२/११/२७** सम्म २१ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष ननाघेको।
- आवश्यक कागजातहरु हलुका सवारी चालक अनुमतिपत्र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

**कार्यालय सहायक, श्रेणी विहीन तहको लागि**

- उमेर **२०८२/११/२७** सम्म १८ वर्ष पुर भई पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट *प्रवेशिका परीक्षा (एस.एल.सी/एस.इ.इ.) वा सो सरह उत्तीर्ण।*

२. **दरखास्त दिने स्थानः-** गलकोट नगरपालिकाको कार्यालय, गलकोट, बागलुङ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०८२ चैत्र ११ गते कार्यालय समय भित्र।

२०८२/११/२६
डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत

४. **छनोटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता ।

**आवेदन तथा संलग्न कागजातहरू:-** नेपाली नागरिकताको प्रमाणपत्र, **हलुका सवारी चालक पद बाहेक अन्य पदको लागि** न्यूनतम योग्यताको लब्धांक पत्रको प्रतिलिपि, नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता गरिएको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, परिषदको दर्ता प्रमाणपत्र र अनुभव खुल्ने कागजातको प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

५. **सेवा सुविधा:-** नेपाल सरकारले तोकेको न्यूनतम तलव साथै अन्य सेवा सुविधा नगरपालिकाको नियमानुसार ।

६. **पाठ्यक्रम:**

**मेडिकल अफिसर, आठौं तहको लागि** लोक सेवा आयोग नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, **सब ईन्जिनयर, पाँचौ तहको लागि** लोक सेवा आयोग नेपाल इन्जिनियरिङ्क सेवा, सिभिल समूह अन्तर्गतका जनरल, हाईवे, स्यानीटरी, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी र एयरपोर्ट उप-समुह, राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम **अ.न.मी., चौथो तहको लागि** लोक सेवा आयोग नेपाल स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ्क समूह, सहायक चौथो तह, अ. न. मि. पदको खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, **वित्तीय साक्षरता सहजकर्ता, पाँचौ तहको लागि** www.galkotmun.gov.np मा तोकिए बमोजिमको पाठ्यक्रम, **कार्यालय सहायक तहको लागि** कम्प्युटर प्रयोगात्मक परीक्षाको पाठ्यक्रम (General: MS word, Excel, power point )

**नोट: म्याद नाघी वा रितपूर्वक नआएका निवेदन उपर कुनै कारबाही हुने छैन ।**

२०८२/११/२६

डम्बर बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत